# निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाण्डौं

## सुरक्षागार्ड आपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८३।०१।०४)

यस कोषको केन्द्रीय कार्यालयको सुरक्षाको लागि ४ जना सुरक्षागार्डको सेवा दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा कोषको खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७३ को विनियम ८२ बमोजिम सुरक्षागार्ड आपूर्ति गर्न इच्छुक व्यवसायी/फर्म/कम्पनीहरुबाट सुरक्षागार्ड आपूर्तिको लागि सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ। दरभाउपत्र फाराम र सो सम्बन्धी अन्य आवश्यक कागजात यस कोषको प्रशासन विभागबाट दरभाउपत्र दस्तुर बापतको नगद रु. १,०००।- फिर्ता नहुने गरी भुक्तानी गरी वा कोषको सिटिजन्स बैंकको खाता नं ००१०१००००२५८८२०१ मा नगद जम्मा गरेको भौचर पेश गरी खरिद गर्न सकिने छ। सिलबन्दी दरभाउपत्रको प्रबिधिक प्रस्तावको साथ इच्छुक व्यवसायी/फर्म/कम्पनीले बाणिज्य विभाग/कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, व्यवसाय इजाजत प्रमाणपत्र र २०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। आर्थिक प्रस्तावको साथ दरभाउपत्रदाताले रू ४०,००० (चालिस हजार रूपैंया) बैंक जमानत समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ। दरभाउपत्र पेश गर्दा प्राविधिक र आर्थिक प्रस्तावलाई छुट्टा छुट्टै खाममा राखी दुवै खामलाई पुनः अर्को खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ। दर्ता भएको सिलबन्दी दरभाउपत्रहरुको प्राबिधिक प्रस्ताव पहिले खोलिने छ र सो बाट योग्य भएकाहरुको मात्र आर्थिक प्रस्ताव पछि खोलिने छ। दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजहरुको अधिकृत प्रतिनिधिको रोहोबरमा खोलिनेछ तर निजहरुको अनुपस्थितिमा पनि तोकिएको दिन र समयमा खोल्न बाधा पुग्ने छैन। दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ। सूचनामा उल्लेख नभएका विषयहरुहरुको बारेमा बुझ्नु परेमा कोषको प्रशासन विभागमा सम्पर्क गर्न सकिनेछ। दरभाउपत्र खरिद गर्ने तथा बुझाउने समय र स्थान तपसिल बमोजिम हुनेछ।

**तपसिल**

| सि. नं. | विवरण | आवश्यक संख्या | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १ | सुरक्षागार्ड आपूर्ति | ४ जना | २०८३/०१/१७ गते बिहान ११ बजेसम्म | २०८३/०१/१७ गते अपरान्ह ४ बजेसम्म | २०८३/०१/२१ गते अपरान्ह २ बजे कोषको कार्यालय टंगाल । |

**प्रशासन विभाग**
**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाडौं**
**फोन नं ५९७०७७५, ४५१०६५९, ४५२१२४१**